"सिरीजङ्गाको गौरव, कञ्चनजङ्घा"
# सिरीजङ्घा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
(सामान्य प्रशासन शाखा)

तेल्लोक, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

पत्र संख्या २०८२/०८३ मिति २०८२/०६/२८
चलानी नं. ४५५ ने.स.११४५

श्री वडा सचिव ज्यू,
वडा कार्यालय, सवै, सिरीजङ्घा गाउँपालिका, ताप्लेजुङ ।

**विषयः व्यवसाय तथा कृषि फर्म दर्ता तथा नविकरण गर्न अधिकार प्रत्यायोजन गरिएको सम्वन्धमा ।**

प्रस्तुत विषयमा गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका वा हुने व्यवसायहरुको नयाँ दर्ता गर्न तथा यस अघि सिरीजङ्घा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा दर्ता भई सञ्चालन भई रहेका व्यक्तिगत फर्म तथा व्यापार व्यवसायहरुको चालु आर्थिक वर्षको नविकरण गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ को उपदफा ५ मा भएको व्यवस्था बमोजिम अधिकार प्रत्यायोजन गरिएको छ । व्यवसायको दर्ता तथा नविकरण कार्य देहायमा उल्लिखित कागजातहरु संलग्न गरी सम्वन्धित वडा कार्यालयमा गर्नु हुन र वडा कार्यालयमा अभिलेख राखी सोको विवरण गाउँपालिकाको मूल अभिलेखमा मासिक रुपमा अध्यावधिक समेत गराउनु हुन अनुरोध छ । साथै संघ, संस्था तथा समुहहरुको दर्ता तथा नविकरणको हकमा भने गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस साथ पठाउनु हुन अनुरोध छ ।

**देहाय, (व्यवसाय/फर्म दर्ता गर्दा संलग्न गर्नु पर्ने कागजातहरु)**

१. निवेदन (तोकिएको ढाँचा बमोजिम)
२. नागरिकताको प्रतिलिपी
३. जग्गा धनीपूर्जाको प्रतिलिपी (व्यवसाय सञ्चालन भएको घर वा जग्गा लिज वा बहालमा भए बहाल सम्झौताको प्रतिलिपी समेत)
४. सम्वन्धित व्यक्तिको फोटो २ प्रति
५. व्यवसायिक योजना (कृषि तथा पशु व्यवसायको हकमा)
६. चारकिल्ले छिमेकीहरुको मञ्जुरीनामा (व्यवसाय सञ्चालन गर्दा वातावरण तथा छरछिमेकलाई असर पुर्याउदैन भन्ने)
७. राजश्व तिरेको भौचर (आर्थिक ऐनमा व्यवस्था भए बमोजिमको)
८. सम्वन्धित वडा अध्यक्षको सिफारिस ।
९. औषधीजन्य व्यवसायको लागि सम्वन्धित निकायको इजाजतपत्रको प्रतिलिपी ।

**(नविकरण गर्दा संलग्न गर्नु पर्ने कागजातहरु)**

१. निवेदन (तोकिएको ढाँचा बमोजिम)
२. करचुक्ता प्रमाणपत्र (पछिल्लो आ.व.को)
३. अनुदान प्राप्त गर्ने फर्मको हकमा लेखापरीक्षण प्रतिवेदन,
४. प्रमाणपत्रको प्रतिलिपि
५. राजश्व तिरेको भौचर
६. गत आर्थिक वर्षमा नविकरण नगरेको भए जरिवाना सहितको राजश्व भौचर

०८२/०६/२८

.......................
(डम्बर बहादुर आङदेम्वे)
प्रमुख प्रशासकीय अधिकृत

डम्बर बहादुर आङदेम्वे
प्रमुख प्रशासकीय अधिकृत